बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह

# मासिक कार्यसम्पादन पत्र

## नोभेम्बर २०२४

वर्ष : ३, अंक : ११

## नोभेम्बर २०२४ मा सम्पन्न भएका गतिविधिहरु

### १. बाल मानव अधिकार रक्षकको राष्ट्रिय भेला सम्मान :







नोभेम्बर २३-२५ २०२४, बाल मानव अधिकार रक्षकको तीन दिने राष्ट्रिय भेला काठमाडौँमा सम्पन्न भएको छ । बाल विवाह रोकथाम तथा न्यूनीकरणमा बालबालिकाको सभागिता अभिवृद्धि गर्ने तथा दक्षिण एशियामा बाल विवाह रोकथामको क्षेत्रीय मूल्यांकन एवं कार्ययोजना तय गर्ने उद्देश्यले बाल अधिकारका क्षेत्रमा कार्यरत विभिन्न ६ वटा संस्थाको संयुक्त आयोजनामा उक्त कार्यक्रम योजना भएको थियो ।

मानव अधिकार आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, राष्ट्रिय कार्य तथा समन्वय समूह (एनएसीजी) नेपाल, कन्सोर्टियम नेपाल, बालिका दुलही होइनन् ( जीएनबी) र बालबालिकाविरुद्ध हिंसा अन्त्य गर्न दक्षिण एशियाली पहल ( SAIVAC) को आयोजनामा कार्यक्रम भएको हो ।

उक्त भेलामा  देशका सातवटै प्रदेशमा बाल अधिकारको क्षेत्रमा काम गरिरहेका बालबलिकाका प्रतिनिधिका साथै आयोजक एवं बालबालिकाको क्षेत्रमा काम गर्दै आएको अन्य संघ संस्थाका प्रतिनिधि तथा विज्ञहरुको सहभागिता रहेको थियो । प्रत्येक प्रदेशबाट तीन-तीन जना समेत गरी २१ जना तथा विभिन्न अल्पसंख्यक समुदायबाट थप १० जना समेत गरी ३१ जना बालबालिकालाई समेत सहभागी गराएर कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बालबालिकाले बाल विवाह रोकथामका लागि गरेका प्रयास र त्यस क्रममा देखिएका चुनौतीबारे विस्तृत छलफल गरिका थिए ।

कार्यक्रमको उद्घाटन सत्रमा मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले बाल विवाह रोकथामका लागि कानुनी मात्रै नभएर अन्य पक्षलाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो । अहिले बालविवाहको अभियोगमा पक्राउ परेकालाई जबरजस्ती करणी, शरीर बन्धक जस्ता अभियोग लगाएर वर्षौंसम्म जेलमा राख्ने गरेको भन्दै यसमा बालविवाहको कसुरमा मात्रै कारबाही गर्नुपर्नेमा जोड दिएका थिए । यस्तै कार्यक्रमलाइ निरन्तरता दिँदै संघीय संसदको कानुन न्याय तथा मानव अधिकार समितिकी सभापति विमला सुवेदीले आफूहरुले १० बन्दीगृह र ३ बाल सुधारगृहको अनुगमन गर्दा बाल विवाहकै आरोपमा धेरै थुनामा पर्ने गरेको पाइएको बताइन्। सुवेदीले पनि बालविवाहको रोकथामका लागि जरासम्मै पुगेर समाधान खोज्नुपर्नेमा जोड दिएकी थिईन् ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव दीपकराज नेपालले बालविवाह हुनुमा मुख्य दुईवटा कारण रहेको पाइएको बताउनु भएको थियो ।




कार्यक्रममा बालबालिकाविरुद्ध हिंसा अन्त्य गर्न दक्षिण एशियाली पहल (SAIVAC) का महासचिव रिञ्चेन छोपेलले पछिल्लो समय दक्षिण एशियाली क्षेत्रमा बालविवाह कम हुँदै गएको बताउनु भएको थियो ।

गैरसरकारी संस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदीले बाल अधिकारका क्षेत्रमा कुरा गर्दैगर्दा घरमा हुने निर्णयमा बालबालिकाको मतलाई कति ध्यान दिइन्छ भन्ने विषय महत्वपूर्ण रहेको बताउनु भएको थियो । कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले २०२६ सालमा नेपाल अल्पविकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन लागेको सम्बन्धमा यसपछि बालवालिकाको सवालमा हुने परिवर्तनबारे समेत भेलामा छलफल हुने जानकारी दिनु भएको थियो ।




उक्त कार्यक्रममा जीएनबी ग्लोबलकी श्रृष्टी कोलक्षपति, बाल अधिकार रक्षकका तर्फबाट बालिका प्रतिनिधि राजनन्दिनी चौधरीले आफ्नो महत्वपुर्ण भनाइहरु राखेका थिए । यस्तै राष्ट्रिय बाल अधिकार परिषद् सदस्य सचिव इर्न्द्रदेवी ढकालले कार्यक्रममा सहभागीलाई स्वागत गर्दै आफ्नो भनाइहरु प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा एनएसीजीको तर्फबाट ऋतु भट्टराई कार्यक्रमको उद्देश्यबारे जानकारी गराउनु भएको थियो । कार्यक्रममा अमेरिकी सरकारबाट ग्लोबल एन्टी-रेसिजम च्याम्पियनसिप अवार्डबाट सम्मानित बाल अधिकारकर्मी उर्मिला चौधरीलाई सम्मान समेत गरिएको थियो ।

## २. बाल अधिकार अभियन्ता उर्मिला चौधरीलाई सम्मान :

नोभेम्बर २३ २०२४, कन्सोर्टियम नेपालको सदस्य संस्थको प्रतिनिधि उर्मिला चौधरीलाई ग्लोबल एन्टी रेसिजम च्याम्पियनसिप अवार्डद्वारा सम्मानित

हुनुभएकोमा कसोर्टियम नेपालद्वारा सम्मान पत्र प्रदान गरिएको थियो। सामाजिक अभियन्ता उर्मिला चौधरी ग्लोबल एन्टी रेसिजम च्याम्पियनसिप अवार्डद्वारा सम्मानित हुनुभएको थियो । चौधरीलाई उक्त अवार्ड नेपालका पिछडिएका अल्पसङ्ख्यक समुदायको लागि विभेद र शोषणको लागि काम गर्दै आउनुभएकी सशक्त अभियन्ता तथा मानवअधिकारको रक्षाका लागि अतिरिक्त साहस,




नेतृत्वदायी भूमिका, मजबुत र प्रतिबद्धताका लागि प्रदान गरिएको स्टेट डिपार्टमेन्टले उल्लेख गरेको थियो । सीमान्तकृत जात र जातीय समुदायहरूको मानब अधिकार प्रवर्द्धनमा नेतृत्वदायी भूमिका निर्वाह गदै, प्रणालीगत विभेद र जातिवादको विरुद्ध यहाँले पुर्‍याउनुभएको योगदान को प्रशंसा गर्दै उक्त सम्मान प्रदान गरिएको थियो ।

## ३. बाल मानव अधिकार रक्षकको राष्ट्रिय भेलाको अवसरमा २५ बुँदे घोषणापत्र हस्तान्तरण




नोभेम्बर २५ २०२४, बाल मानव अधिकार रक्षकको राष्ट्रिय भेलाको अवसर पर्दै सातै प्रदेशवटा कार्यक्रममा सहभागी हुने बालबालिकाहरुद्वारा २५ बुँदे काठमाडौं घोषणापत्र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीलाइ हस्तान्तरण गरेका छन् । देशका सातै प्रदेशवटा आएका बालबालिका द्वारा आफ्नो समुदायमा रहेको बालविवाह सम्बन्धि रहेका समस्या, चुनौती हरुको बारेमा छलफल गरि उक्त घोषणापत्र तयार परेका थिए।कार्यक्रमको समापन समारोहमा बोल्दै महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले बालबालिकाहरु भोलिका कर्णधार भएको भन्दै अहिलेको बालबालिकामा भोलिको सुन्दर नेपालको नेतृत्वकर्ता देखिरहेको बताउनु भएको थियो । उहाँले महिला हिंसाविरुद्ध १६ दिने अभियान समेत सुरु भएको भन्नुहुँदै सम्मेलनमा सहभागी बालबालिकालाई उमेर नपुगी विवाह नगर्ने र दाइजो नलिने नदिने प्रतिज्ञा गर्न आग्रह गर्नुभएको थियो । आफ्नो भनाइलाइ




निरन्तरता दिंदै कम उमेरमा विवाह गर्ने कानुन २० वर्ष अघि नै बनेको भन्दै कानुनले मात्रै समस्या समाधान नहुने बताउनु भएको थियो ।

यसैबीच कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषदका उपाध्यक्ष बमबहादुर बानियाँले सम्मेलनले जारी गरेको २५ बुँदे घोषणापत्रलाई परिषद्ले कार्यान्वयन गर्ने बताउनुभयो। उहाँले बालबालिकालाई तेस्रो आँखाबाट क्रियटिभ थिङ्किङ गर्न आग्रह भएको थियो ।

कार्यक्रममा कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले यस कार्यक्रम सम्पन्न गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भूमिका निभाउने तथा कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिनु भएको थियो । समापन कार्यक्रममा साइवागका महासचिव रिञ्चेन छोपेल, एनएसीजी नेपालकी ऋतु भट्टराई लगायत आयोजक

संस्थाका प्रतिनिधि, बाल अधिकारकर्मी र सातै प्रदेशबाट आएका बालबालिकाहरु समेतको सकहभागिता रहेको थियो ।बाल प्रतिनिधि आफै कार्यक्रमको सहजकर्ताको भूमिका निभाएका थिए ।

## ४. बालबालिकाको नागरिक र राजनीतिक अधिकार सुनिश्चितका लागि नागरिक समाजहरुको संवाद सम्पन्न



नोभेम्बर २४ २०२४, बाल मानव अधिकारको राष्ट्रिय भेलाको अवसर पार्दै बालबालिकाको नागरिक र राजनीतिक अधिकार सुनिश्चितका लागि नागरिक समाजहरुको संवाद सम्पन्न भएको छ । यस सत्रको सहजीकरण बाल अधिकर्मी मिलन धरेलले गरेका थिए । बालबालिकाको नागरिक हैसियत र स्थान, राजनीतिक पहिचानकोबारेमा चर्चा गर्ने, बालबालिकाको अधिकारलाई वयस्कको निगाहबाट मुक्त राजनीतिक सम्झौताको विषयका रुपमा बुझ्ने बुझाउने तथा बाल अधिकारको नागरिक राजनीतिक पक्षको चर्चा गर्ने उद्देश्यहरू राख्दै धरेलले आफ्नो प्रस्तुति दिएका थिए ।
प्रस्तुतिको क्रममा बालबालिकाको नागरिक राजनीतिक अधिकारको सन्दर्भ र अवधारणा बालबालिकाको नागरिक राजनीतिक अधिकारहरु, बालबालिकाको नागरिक राजनीतिक अधिकारका सिमितताहरु, बालबालिकाको नागरिक राजनीतिक अधिकार प्रवर्द्धनका लागि वयस्क, राज्य र राजनीतिक दलको भूमिका जस्ता विषयहरुको बारेमा छलफल गरिएको थियो ।



कार्यक्रममा बालबालिकाको नागरिक र राजनीतिक अधिकारका बारेमा छलफल गर्न नागरिक समाज, सरकारी निकायहरू, र सांसदहरू लगायत विभिन्न सरोकारवालाहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन कार्यसमिति सदस्य स्वस्तिका पोखेलले गर्नु भएको थियो ।
कार्यक्रममा प्यानलिष्टको रुपमा माननीय सन्तोष चालिसे, माननीय तुलसा दहाल, माननीय सन्तोष परियार, मानव अधिकारकर्मी सुवोधराज प्याकुरेलको उपस्थिति रहेको थियो ।

## ५. बालबालिकामा हुने बालविवाह तथा जबरजस्ती गरिने बालविवाह अन्त्यकालागि बहुक्षेत्रीय दृष्टिकोण मार्फत छलफल कार्यक्रम



नोभेम्बर २४ २०२४, बालबालिकामा हुने बालविवाह तथा जबरजस्ती गरिने विवाह अन्त्यकालागि बहुक्षेत्रीय दृष्टिकोण मार्फत छलफल कार्यक्रम सम्पन्न भएको छ । बाल मानव अधिकार रक्षक सम्बन्धि राष्ट्रिय भेला अन्तर्गत नेपालमा कम उमेर र जबरजस्ती बाल विवाहको व्यापक मुद्दालाई सम्बोधन गर्नका निम्ति नीति निर्माताहरू, शिक्षाविद्हरू, नागरिक समाजका नेताहरू र बाल अधिकार रक्षकहरू प्रमुख वक्ताको रुपमा रहेका थिए। कार्यक्रमले बहुक्षेत्रीय

दृष्टिकोण बाट शिक्षा, स्वास्थ्य र आर्थिक अवसरहरूलाई एकीकृत गर्दै कम उमेर र जबरजस्ती बाल विवाह (CEFM ) को मूल कारणहरू समाधान गर्नको लागि आवश्यकतालाई जोड दिएको थियो। आर्थिक असमानता, सामाजिक मान्यताहरू, र अपर्याप्त शिक्षा सहित CEFM को मूल कारणहरू पहिचान गर्न र सम्बोधन गर्न, व्यापक यौन शिक्षा (CSE) र परिवर्तनका लागि उपकरणको रूपमा लिङ्ग-



रूपान्तरणात्मक दृष्टिकोणहरू प्रवर्द्धन गर्न तथा लैङ्गिक समानताको वकालतमा पुरुषलाई संलग्न गराउन र हानिकारक पितृसत्तात्मक मान्यताहरूलाई पुनः परिभाषित गर्न जस्ता उद्देश्यहरू रहेको थियो । कार्यक्रममा प्रमुख वक्ताको रुपमा डा. दिव्या दवाडी, उपसचिव, शिक्षा मन्त्रालय, सुश्री लक्ष्मी तामाङ, उपाध्यक्ष, बेइजिङ कमिटी, डा. करुणा पन्ताई, GESI विशेषज्ञ, श्री माधव प्रधान, अध्यक्ष, CWIN , नम्रता शर्मा, GESI विशेषज्ञ र GNB सचिवालयको तर्फबाट सृष्टि कोलक्ष्यपतिको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन प्रकाश खतिवडाले गरेका थिए भने कार्यक्रमको मध्यतकर्ता निरिजना भट्टले गरेका थिए । कार्यक्रममा सृष्टि कोलक्ष्यपतिले CEFM अन्त्य गर्न बहुक्षेत्रीय दृष्टिकोणको विषयलाई जोड्दै प्रस्तुति रहेको थियो । यस्तै लक्ष्मी तामाङद्वारा प्रजनन स्वास्थ्य प्रभाव र SRHR को विषय लाई समेटेर प्रस्तुति रहेको थियो ।

## ६. आपतकालिन अवस्थामा बालबालिका र बाल श्रम र बालविवाहमा यसको प्रभावबारे अन्तर-मन्त्रालय संवाद सम्पन्न

नोभेम्बर २५ २०२४, “आकस्मिक अवस्थामा बालबालिका र बाल श्रम र बालविवाहमा यसको प्रभाव“ विषयक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको उद्देश्य व्यापक र दिगो प्रतिक्रियाहरू सुनिश्चित गर्न नीति निर्माताहरू, नागरिक समाजका नेताहरू, र बाल अधिकार अधिवक्ताहरू



बीचको सहकार्यलाई बढावा दिँदै यी सवालहरुको बारेमा चर्चा गर्नु रहेको थियो। यस्तै बाल श्रम र बालविवाह जस्ता आपतकालीन अवस्था र बाल संरक्षणका मुद्दाहरू बीचको सम्बन्धको विश्लेषण गर्न, अवस्थित प्रोटोकलहरूमा कमीहरू पहिचान गर्न र समाधानहरू प्रस्ताव गर्न लगायत स्थानीयकृत प्रतिक्रियाहरूको लागि सरोकारवालाहरू बीचको सहकार्यलाई प्रोत्साहित गर्न उद्देश्यका साथ सम्पन्न कार्यक्रमको प्रस्तुतकर्ता बाल अधिकारकर्मी ऋतु भट्टले गर्नु भएको थियो ।प्रस्तुतीकरणको क्रममा भट्ट द्वारा आपतकालिन अवस्थाहरूको परिभाषा विस्तार गर्दै यसबाट आइपर्ने चुनौती, नेपालको अवस्था, यसबाट पर्ने असरहरु लगायत यसको न्यूनीकरणका निमित सम्भावित पहलहरुबारे जानकारी प्रदान गर्नु भएको थियो । मोहन दङ्गालले प्यानल छलफलको लागि सञ्चालकको रूपमा सेवा गर्नुभयो, सत्रको उद्घाटन गर्दै आपतकालीन अवस्थामा बाल संरक्षणका मुद्दाहरूलाई सम्बोधन गर्न संरचित प्रोटोकलको महत्त्वलाई जोड दिँदै आफ्नो

टिप्पणी राख्दै कार्यक्रमलाई निरन्तरता दिईएको थियो । यस्तै रिन्चेन चोपलले बाल श्रम र बालविवाह जस्ता बाल संरक्षणका मुद्दाहरूमा संकटका मूल कारणहरू र तिनका प्रभावहरू बुझ्ने महत्त्वलाई जोड दिँदै, आपतकालीन अवस्थाका जटिलताहरूमा गहिरो अन्तर्दृष्टिबारे चर्चा गर्नु भएको थियो। छलफल लाई अगाडी बढाउने क्रममा नारायण भट्टराईले विशेषगरी आपतकालीन अवस्थामा बालबालिकाको अधिकार र कल्याणलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनु भएको थियो ।

कार्यक्रममा आफ्नो विचारहरुलाई राख्दै जनकराज शर्माले बालमैत्री लगानीको स्थानीय स्तरको कार्यान्वयनको अभावले धेरैलाई कसरी जोखिममा पारेको छ भन्ने कुरामा जोड दिँदै बालबालिकामा बसाइँसराइको महत्वपूर्ण प्रभावलाई प्रकाश पार्नु भएको थियो । यस्तै दीपक ढकालले आपतकालिन अवस्थामा बालबालिकालाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै, बालबालिकाहरू संकटमा स्वाभाविक रूपमा कमजोर हुन्छन् र त्यसलाई प्राथमिक चासोको रूपमा व्यवहार गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । कार्यक्रमको संचालन कन्सोर्टियम नेपालको महासहिव अनिता पाण्डेले गर्नु भएको थियो ।




## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १. आत्म सुरक्षा सम्बन्धि तालिम सम्पन्न



६,७ नोभेम्बर,२०२४, मध्यविन्दु नगरपालिका वडा नं २, सितापुरमा १६ जना बालिकाहरुलाई २ दिने आत्म सुरक्षा सम्बन्धि तालिम सम्पन्न गरिएको छ । जागृती बाल तथा युवा सरोकार नेपालको आयोजना र क्यान्नलानको सहयोगमा संचालित किशोरी सशक्तीकरण कार्यक्रम अन्तर्गतका साथी शिक्षक
 कोपिला कुमारी महतो र लक्ष्मा वि.क. को नेतृत्वमा समुदाय स्तरमा उक्त तालिम प्रदान गरिएको हो । उक्त तालिममा टोल विकास संस्थाका संयोजक लोक बहादुर थनेत, बालिकाहरु, जागृती बाल तथा युवा सरोकार नेपालका सामाजिक परिचालक रुपा काफ्ले सहित जम्मा १८ जना किशोरी, १ जना महिला र १ जना पुरुष गरि जम्मा २० जनाको उपस्थिति रहेको थियो ।



२० नोभेम्वर, २०२४, मध्यविन्दु नगरपालिका वडा नं २ अन्तर्गत रहेको श्री कुमारवर्ती माध्यमिक विद्यालय, कोल्हुवामा कक्षा ११ मा अध्ययनरत १६ जना किशोरीहरुलाई आत्म सुरक्षा सम्बन्धि तालिम प्रदान गरिएको छ । “बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी“ नारा सहित अन्तरास्ट्रिय बाल दिवस २०२४ को अवसरमा जागृती बाल तथा युवा सरोकार नेपालको आयोजना र

क्यान्नलानको सहयोगमा संचालित किशोरी सशक्तीकरण कार्यक्रम अन्तर्गतका साथी शिक्षक अनिसा पौडेल, स्नेहा चौधरी र निकिता बोटेको नेतृत्वमा विद्यालय स्तरमा उक्त तालिम सम्पन्न गरिएको हो । कार्यक्रममा किशोरीहरु, जागृती बाल तथा युवा सरोकार नेपालका सामाजिक परिचालक रुपा काफ्ले सहित उक्त विद्यालयका प्रधानाध्यापक जनक के .सि, शिक्षक बिष्णु पौडेल तथा अन्य शिक्षकहरुको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा १९ जना किशोरी, २ जना महिला, ३ जना पुरुष गरि जम्मा २४ जनाको सहभागिता रहेको थियो ।

## बधाई तथा शुभकामना




## आंम संचारमा कन्सोर्टियम नेपाल

Our event has been featured by NTV! A huge thank you to everyone who made this possible.















**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल

**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल** बुद्धनगर, काठमाडौं

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com